# Invitation for Bids

## छत्रदेव गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

### छत्रगञ्ज, अर्घाखाँची

## शिलबन्दी बोलपत्र आह्ववानको सुचना

प्रथम पटक प्रकाशित मिति २०७५/०९/३०

यस कार्यालयले यस आ.व.को स्वीकृत कार्यक्रम अन्तर्गत रातापोखरा खेल मैदान निर्माण कार्य गराउनु पर्ने भएकोले नेपाल सरकारबाट ईजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही तपशिलको ठेक्काको लागि शिलबन्दी बोलपत्र आब्हान गरिन्छ।

१. शिलबन्दी वोलपत्र सम्बन्धि कागजात तल उल्लेखित दस्तुर (फिर्ता नहुन) नगदै बुझाइ नगदी रसिद साथ नविकरण भएको ठेक्का ईजाजत पत्रसमेत तथा भ्याट (VAT) दर्ता र आ.व.२०७४/७५ को कर चुक्ता वा कर विवरण वुझाएको प्रमाणहरुको प्रतिलिपिहरु संलग्न राखि लिखित निवेदन दिई यो सूचना प्रथम पटक प्रकाशित मितिले ३० औं दिन (२०७५/१०/२९) सम्म कार्यालय समय भित्र यस कार्यालयवाट खरिद गर्न सकिने छ।

२. खरिद गरेको बोलपत्र भरी खाममा शिलबन्दी गरी खामको बाहिर कामको विवरण , ठेक्का नम्वर , शिलबन्दी बोलपत्र , फर्मको नाम र ठेगाना लेखी यस कार्यालयलाई सम्बोधन गरी यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औ दिन (२०७५/११/०१) दिउँसो १:०० बजेसम्म यस कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ। दर्ता भएका सिलबन्दी वोलपत्र सोही दिन अपरान्ह १:०० बजे बोलपत्रदाता र निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ। शिलबन्दी बोलपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन।

३. शिलबन्दी बोलपत्रको मान्य अवधि ९० दिनको हुनेछ। शिलबन्दी बोलपत्रको जमानत (विड वण्ड) वापतको रकम यस कार्यालयको नाममा नेपाल बंगलादेश बैंक, छत्रगञ्ज शाखामा रहेको धरौटी खाता नं. ९५९०१००२२१ मा जम्मा गरेको सक्कलै वैंक भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त वाणिज्य वैंकहरुबाट (क वर्ग) ठेक्का नं., कामको विवरण र आ.व. समेत प्रष्ट खोली शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मितिबाट १२० दिनसम्म मान्य अवधि भएको विड वण्ड (जमानत) संलग्न राखि पेश गर्नु पर्नेछ। सो अनुसार नभएमा मूल्यांकनमा समावेश गरिने छैन।

४. शिलबन्दी बोलपत्र शर्त रहित हुनुपर्नेछ। दररेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। साथै शिलबन्दी बोलपत्रदाताहरुले बोलपत्रको प्रत्येक पानाहरुमा अधिकार प्राप्त अधिकारीको सहि छाप अनिवार्य रुपले गरेको हुनु पर्नेछ।

५. शिलबन्दी बोलपत्र खरिद गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा लगतै कार्यालय खुलेको दिनमा खरिद र सोको भोलिपल्ट दर्ता गर्न सकिने छ। दर्ता गर्ने दिन विदा परेमा लगत्तै कार्यालय खुलेको दिनमा दर्ता गर्न सकिने छ।

६. शिलबन्दी बोलपत्रदाताले आफ्नो कबोल आइटम दररेटमा मूल्य अभिवृद्धि कर (VAT) बाहेकको रकम उल्लेख गर्नुपर्नेछ।

७. शिलबन्दी बोलपत्र स्वीकृत गर्ने नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

८. सुचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संशोधन समेत) तथा सार्वजनिक खरिद नियमावली,२०६४ (पाचौं संशोधन समेत) अनुसार हुनेछ।

९. वोलपत्र सम्बन्धी थप जानकारी आवश्यक भएमा यस कार्यालयवाट प्राप्त गर्न सकिनेछ। साथै प्रि-विड मिटिङ मिति २०७५/१०/१४ गते दिनको १:०० बजे यस कार्यालयमा आयोजना गरिने छ।

१०. बोलपत्र खरिद वा दर्ता गर्ने फर्महरुले निर्माण स्थल र कामको सम्बन्धमा राम्ररी बुझी बोलपत्र भरेको मानिनेछ।

११. बोलपत्र बिड डकुमेन्ट, स्पेशिफिकेशन, परिमाणको मूल्यपत्र, सूचना तथा ठेक्का सम्बन्धी अन्य कुनै डकुमेन्टमा (भाषागत समेत) त्रुटी भएमा वा विषय प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन बाधा पर्ने छैन। सच्याउनु पर्ने भएमा सोको सुचना यस कार्यालयको सुचना पाटीमा राखिने छ।

१२. बोलपत्र सिंगल फर्म वा ज्वाइन्ट भेन्चरमा बढीमा ३ (तीन) वटा फर्महरु सम्ममा पेश गर्न सकिनेछ।

१३. यस कार्यालयमा पेश भैसकेको शिलबन्दी बोलपत्रको Withdrawal, modification वा Substitution गर्नु परेमा मिति २०७५/१०/२९ गते दिनको १२:०० बजे भित्र गरिसक्नु पर्ने छ।

१४. बैंक जमानत (Bid Bond) बोलपत्रमा तोकिए बमोजिमको ढाँचामा हुनु पर्नेछ। सो नभएमा मूल्यांकन कार्यमा समावेश गरिने छैन।

१५. कामको विस्तृत विवरण BoQ साथ संलग्न छ।

तपशिल

| ठेक्का नं. | योजनाको नाम | ल.ई. रकम (मु.अ.कर र कन्टेन्जेन्सी बाहेक) | बोलपत्रको जमानत रु. | बोलपत्रको दस्तुर रु. |
|---|---|---|---|---|
| CRM/W/NCB/ARG/02/075/76 | रातापोखरा खेलमैदान निर्माण | ३५,९९,५०९।९३ | १,०८,०००।०० | ३,०००।०० |



Scanned by CamScanner